नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
( मालपोत तथा भूमिसुधार शाखा)

फ्याक्स नं. ५३३०५८५
महानिर्देशक: ५३२३०४९
निर्देशक प्रशासन:- ५३२५९८२
निर्देशक योजना:- ५३२६९८८
क.प्र.शाखा:- ५३६६४९३
आ.प्र.शाखा:- ५३६६४९३
पिए Ext.:- ५३२००२८

पत्र संख्या:- २०८२/०८३/ज.प्र.१६/१ ५६०
चलानी नं.:- २५९४

बबरमहल, काठमाण्डौं
नेपाल ।

मिति:-२०८२/११/१९

विषय:- **ईजाजत पत्र प्राप्त कम्पनी/संस्था मार्फत मात्र कारोबार गर्ने/गराउने व्यवस्था हाल स्थगित गरिएको सम्बन्धमा ।**

श्री भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौं, लगनखेल ललितपुर, बिराटनगर मोरङ, इनरुवा सुनसरी, बिरगंज पर्सा, कलैया बारा, जनकपुरधाम धनुषा, नेपालगंज बाके, घोराही दाङ, धनगढी कैलाली।

श्री मालपोत कार्यालय, कलंकी काठमाडौं, चावहिल काठमाडौं, धरान सुनसरी, सिमरा बारा, हेटौडा मकवानपुर, भरतपुर चितवन, चनौली चितवन, पोखरा कास्की, लेखनाथ कास्की, तुल्सीपुर दाङ, बुटवल रुपन्देही।

प्रस्तुत विषयमा मालपोत ऐन, २०३४ को दफा २६क. मा रहेको घरजग्गा सम्बन्धी कारोबार गर्न ईजाजत पत्र लिनु पर्ने व्यवस्था बमोजिम नेपाल सरकारबाट मिति २०८२/०६/२७ मा नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक र कानुनी व्यक्ति वा कानुनी व्यक्तिहरुबीच घरजग्गा सम्बन्धी कारोबार गर्न ईजाजत पत्र लिनको लागि यस विभागबाट प्रकाशित सूचना बमोजिम अनलाइन मार्फत प्राप्त निवेदनहरु मध्ये यस विभागको निर्णय बमोजिम ईजाजत पत्र प्राप्त कम्पनी/संघ संस्थाहरुको विवरण विभागको Website www.dolma.gov.np मा राखिएको छ। प्राकृतिक र कानुनी व्यक्ति वा कानुनी व्यक्तिहरुबीचको लिखत पारित गर्दा महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्रको ३ करोड भन्दा माथिको थैली अङ्क भएको घरजग्गा कारोबार सम्बन्धी लिखत मिति २०८२ साल फाल्गुण २५ गते देखि अनिवार्य रुपमा ईजाजत पत्र प्राप्त कम्पनी/संघ संस्था मार्फत मात्र गर्ने गराउने व्यवस्था गर्नुहुन भनी यस विभागको च.नं. २७२३ मिति २०८२/११/०८ मा परिपत्र भएकोमा मालपोत नियमावली, २०३६ (आठौं संशोधन २०८२) को नियम २३ठ. मा ईजाजत पत्र प्राप्त व्यक्तिले सोही नियमावलीको २३क. बमोजिमको भू-सेवा केन्द्र संचालन गरी भू-सूचना प्रणालीको माध्यमबाट घरजग्गा सम्बन्धी कारोबार गर्नुपर्ने कानुनी व्यवस्था भएकोले ईजाजत पत्र प्राप्त व्यक्तिले भू-सेवा केन्द्र संचालनको अनुमति नलिएसम्म यसअघि गरिएको परिपत्रको व्यवस्था अर्को आदेश नभएसम्म स्थगित गरिएकोले साविक बमोजिम नै कामकारवाही गर्न/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(माधव प्रसाद बराल)
शाखा अधिकृत

<u>बोधार्थ:-</u>
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
(जग्गा प्रशासन शाखा) सिंहदरवार, काठमाडौं ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग
(भू-सूचना तथा प्रविधि शाखा):- बेवसाइटमा अपलोड गरिदिनुहुन ।